# संगठन संरचना र दरबन्दी व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७६

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश नं. ५, बुटवल

# संगठन संरचना र दरबन्दी व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावना**: प्रदेश सरकार अन्तरगतका संगठन संरचना, दरबन्दी, कार्यविवरण एवम् जनशक्ति व्यवस्थालाई वैज्ञानिक, तथ्यपरक, यथार्थपरक, कार्यमूलक र व्यवस्थित बनाउन आवश्यक पर्ने संगठन संरचना एवम् जनशक्ति व्यवस्थापन प्रक्रियालाई व्यवस्थित बनाउन कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ (१०) को अधिकार प्रयोग गरी प्रदेश सरकारबाट यो कार्यविधि लागू गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१)यो कार्यविधिको नाम "संगठन संरचना र दरबन्दी व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७६" रहनेछ ।

(२) यो कार्यविधि प्रदेश सरकार, मन्त्रिषरिषद्बाट पारित भएको मितिवाट लागू हुनेछ ।

(३) यो कार्यविधि प्रदेशभर रहेका प्रदेश निकायमा लागू हुनेछ ।

२. **परिभाषाः-**विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः

(क)"प्रदेश" भन्नाले "प्रदेश नं. ५" भन्ने सम्झनुपर्छ ।

(ख)"मन्त्रालयस्तरीय निकाय" वा "मन्त्रालय" भन्नाले प्रदेश सभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश मन्त्रालयहरु र मुख्य न्यायाधिवक्ताको कार्यालयलाई जनाउनेछ । सो शव्दले प्रदेश सरकारको निर्णय बमोजिम गठन हुने प्रदेश लोकसेवा आयोग, प्रदेश योजना आयोग एवम् सोही प्रकृतिको अन्य संगठन संरचना समेतलाई जनाउनेछ ।

(ग)"बहुसीपमूलक पद" भन्नाले न्यूनतम शैक्षिक योग्यताको अतिरिक्त कम्प्यूटर टाइपिङ्ग, फोटोकपि, फ्याक्स मेशिन संचालन गर्ने र कम्प्यूटरका सामान्य प्रयोगहरु संचालन लगायतका कार्यविधिको ज्ञान एवम् सीप आवश्यक पर्ने पद सम्झनु पर्दछ ।

## परिच्छेद-२

## संगठन संरचनासम्बन्धी व्यवस्था

३. <u>संगठन संरचनाको हेरफेर, नयाँ संगठनको औचित्यता पुष्टिः</u> मन्त्रालय र अन्तरगत कुनै नयाँ कार्यालय स्थापना गर्ने कारवाही अघि बढाउनु अघि सम्बन्धित मन्त्रालयले उक्त कार्यालय वा संगठन स्थापना वा संरचनामा परिवर्तन गर्नुपर्नाको कारणको देहाय बमोजिमको विषयहरुको आधारमा औचित्यता पुष्टि गर्नुपर्नेछ :

(क) नेपालको संविधान र कार्य विस्तृतीकरण प्रतिवेदन एवम् प्रदेश सरकारको कार्य विभाजन नियमावली अनुरुप प्रदेशको अधिकार र जिम्मेवारी भित्र रहेका कार्यहरु सुचारु रुपमा संचालन गर्ने, विकास निर्माण कार्यहरु अघि बढाउने र सेवा प्रवाहलाई प्रभावकारी बनाइ यस प्रदेशले राखेको "समृद्ध प्रदेश खुशी जनता"को सोच हासिल गर्न सघाउ पुऱ्याउने ।

(ख) संगठन संरचना तथा जनशक्तिको प्रस्ताव गर्दा मितव्ययिताको सिद्धान्तलाई अबलम्वन गर्नुपर्ने ।

(ग) प्रदेश सरकारको नीति अनुरुप मन्त्रालयहरु नीति निर्माण र अनुगमन तथा मूल्यांकनमा संलग्न रहनेछन् भने निर्देशनालयहरु कार्यान्वयनको सहजीकरण तथा समन्वयको भूमिकामा रहनेछन् । यसैगरी, पूर्वाधार क्षेत्रका प्राविधिक तथा विशेषज्ञ जनशक्ति डिभिजन तहमा रहने गरी संगठन संरचना प्रस्ताव गर्नुपर्ने, जिल्ला तहमा रहने डिभिजन तथा इकाईहरु संभव भएसम्म एकिकृत गरी प्रशासनिक तथा संचालन खर्च कम हुने व्यवस्था मिलाउनु पर्ने ।

(घ) निर्देशनालय र स्थलगत कार्यालय प्रस्ताव गर्दा सम्बन्धित मन्त्रालय अन्तरगतका सबै विषयगत उपक्षेत्रलाई समेट्ने र एकिकृत गर्नेगरी प्रस्ताव गरिनुपर्ने ।

(ङ) डिभिजन तथा तल्लो तहका कार्यालयहरु रहने स्थान निर्धारण गर्दा सम्बन्धित विषयगत क्षेत्रको प्रकृति, साविकको संरचना रहेको स्थान, सेवाग्राही वा लाभग्राहीको संख्या, जिल्लाको त्यस क्षेत्रको विकासको स्थिति आदिलाई मनन गरी संभव भएसम्म जिल्लागत सन्तुलन मिलाउन ध्यान दिनुपर्ने ।

(च) कार्यक्षेत्र स्पष्ट भएपछि मात्र नयाँ कार्यालयका स्थापनाको निर्णय गर्नुपर्ने र कार्यक्षेत्र स्पष्ट गर्दा संघीय कार्यालय र स्थानीय तहको कार्यक्षेत्रको हेक्का राख्नुपर्ने ।

(छ) तत्कालका लागि प्रदेश मन्त्रालयअन्तर्गत रहेता पनि भविष्यमा स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने कार्यालय स्थापनाका विषयलाई विचार गर्नुपर्ने ।

(ज) संगठनको प्रकृति हेरी सम्बन्धित विषयको विशेषज्ञ वा प्राविधिक जनशक्तिको दरबन्दी आवश्यकता अनुसार राखी नियमित प्रशासकीय पदहरु, श्रेणीविहीन पदहरु न्यूनतम मात्र राख्ने गरी प्रस्ताव गरिनु पर्ने ।

(झ) कतिपय निकायको लागि हाल न्यूनतम संगठन संरचना प्रस्ताव गरिने भएपनि भविष्यमा कार्य बोझ बढेमा सो संगठन संरचनामा वृद्धि गर्न सकिने ।

(ञ) संगठन संरचना र दरवन्दीमा हेरफेर हुँदा पर्नजाने आर्थिक व्ययभार तथा सिर्जना हुने अल्पकालीन एवम् दीर्घकालीन आर्थिक दायित्वलाई मनन गर्नुपर्ने ।

४. **संरचना निर्धारणः-** (१) प्रदेश सरकारअन्तर्गत रहने मन्त्रालयस्तरीय निकायहरुको संख्या प्रदेश सरकारको कार्य विभाजन नियमावली एवम् समय समयमा प्रदेश सरकारले तोके बमोजिम हुनेछन् ।

(२) उपदफा (१) बमोजिमका निकायअन्तर्गत के कति संरचना रहने भन्ने सम्बन्धमा प्रदेशको अधिकार क्षेत्र एवम् प्रदेश सरकारको दीर्घकालीन सोंच, लक्ष्य तथा कार्यक्रम समेतको आधारमा सम्बन्धित मन्त्रालयले अर्न्तगतका कर्मचारीहरुको समेत सहभागितामा आवश्यक विवरण तयार पार्नु पर्नेछ र यसरी विवरण तयार गर्दा यस कार्यविधिमा उल्लेखित प्रक्रिया अवलंम्बन गर्नुपर्दछ ।

५. **संगठन संरचना तयार गर्दा अनाउनु पर्ने विधिः-**(१) यस कार्यविधि अनुसार प्रदेश सरकार अन्तरगतका संगठन संरचनाको निर्णय गर्दा देहायका दस्तावेज तथा विवरणहरुको अध्ययन तथा विश्लेषण गर्नुपर्नेछ :

(क) नेपालको संविधान र नेपाल सरकार (मन्त्रिषरिषद्) बाट स्वीकृत कार्य विस्तृतीकरण अनुरुप प्रदेशको अधिकार र जिम्मेवारी,

(ख) नेपाल सरकारवाट यस प्रदेशकालागि स्वीकृत विभिन्न मन्त्रालय तथा निकायहरुको संगठन संरचना,

(ग) नेपाल सरकार (मन्त्रिपरिषद्)बाट विभिन्न मितिमा भएका निर्णय र आदेशहरु,

(घ) प्रस्तावित संगठनात्मक संरचना सहितको संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार पार्न प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट भएको सैद्धान्तिक निर्णय,

(ङ) प्रदेशको आवधिक योजनामा प्रस्तावित संगठन संरचनाहरु र प्रदेश सरकारको आ.व. २०७६।७६ को नीति तथा कार्यक्रममा प्रस्तावित नयाँ संगठनहरु,

(च) प्रस्तावित संगठनात्मक संरचना सम्बन्धमा राजनीतिक नेतृत्वबाट भएका नीतिगत निर्देशन एवम् सम्बद्ध मन्त्रालय तहमा विभिन्न विकल्पमा भएका छलफलको निचोड ।

(२) मन्त्रालयले दफा (३) बमोजिमको अध्ययन समेतको आधारमा देहायका विषय खुल्नेगरी संरचनागत विवरण तयार गर्नुपर्नेछ :

क) प्रस्तावित संगठन/कार्यालयको नाम,

ख) कार्यालय रहने स्थान,

ग) प्रस्तावित संगठनको औचित्य, उद्देश्य र कार्य विवरण,

घ) विद्यमान संगठनवाट प्रस्तावित कार्य विवरण अनुसारको कार्य हुन नसक्नुको कारण,

ङ) प्रस्तावित संगठन संरचनाको कारण कर्मचारी दरवन्दीमा हुने परिवर्तन,

च) पद, तह, सेवा, समूह, उपसमूह आदि खुल्नेगरी कर्मचारी दरवन्दी विवरण,

छ) प्रस्तावित संगठन संरचना अनुसार थपघट हुनजाने वार्षिक प्रशासनिक खर्च,

ज) आवश्यक अन्य विषयहरु ।

३) उपदफा (२) बमोजिमको विवरण दफा (११) अनुसारको समितिबाट अनुमोदन गरी दफा (१०) अनुसारको समितिमा पेश गर्नुपर्नेछ ।

४) उपदफा (३) बमोजिम पेश भएको विवरण दफा (१०) बमोजिमको समितिले आवश्यक छलफल गरी निर्णय सहित प्रदेश सरकार (मन्त्रिपरिषद्) मा पेश गर्न सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ ।

५) नयाँ स्थापना हुने मन्त्रालय वा मन्त्रालयस्तरीय निकायको सम्बन्धमा यस दफा बमोजिमको कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुनेछ ।

## परिच्छेद-३

## दरबन्दी तथा जनशक्ति व्यवस्था

६. <u>दरबन्दी सिर्जनाः-</u> (१) स्वीकृत संरचनामा सम्बन्धित मन्त्रालयले परिच्छेद (४) र (५) बमोजिमको आधार र विधि अनुसार मन्त्रालय र अन्तर्गत निकायहरु समेतको सहभागितामा आफ्नो मन्त्रालय र अन्तर्गत निकायमा आवश्यक पर्ने सेवा, समूह, तह र पद समेतका निकायगत दरबन्दी विवरण तयार गरी दफा (११) बमोजिमको समितिवाट निर्णय गराउनु पर्नेछ ।

(२) सम्वन्धित मन्त्रालयले उपदफा (१) बमोजिम तयार भएको दरवन्दी विवरण दफा (१०) बमोजिमको समिति समक्ष निर्णयका लागि पेश गर्नुपर्नेछ ।

(३) दरबन्दी सिर्जना गर्दा बहुसीपयुक्त र अधिकृतमूलक कर्मचारीहरु रहने गरी सिर्जना गर्नुपर्नेछ । कुनै पनि तहको दरवन्दी सिर्जना गर्दा सो पदको वृत्तिविकासको पक्षलाई ध्यान दिनुपर्नेछ । श्रेणीविहीन पदहरुका कार्य सेवा करारबाट लिनेगरी दरबन्दी प्रस्ताव गर्नुपर्नेछ ।

(४) सम्बन्धित मन्त्रालयको दफा (११) बमोजिमको समितिबाट भएको सिफारिस एवम् दफा (१०) बमोजिमको प्रदेशस्तरीय संगठन संरचना तथा जनशक्ति व्यवस्थापन समितिको सहमति अनुसारको दरबन्दी एवम् जनशक्ति विवरण प्रदेश (मन्त्रिपरिषद्) बाट पारित भएपछि मात्र लागू हुनेछ ।

७. **विशेष दरबन्दी सिर्जनाः-** (१) देहायको अवस्थामा मन्त्रालय वा मन्त्रालयस्तरीय निकायमा विशेष पद सिर्जना गर्न सकिनेछ ।

(क) कुनै निजामती कर्मचारी विदा, काज वा अध्ययनका लागि लगातार ३ महिनाभन्दा बढी कार्यालयमा अनुपस्थित हुने अवस्था सिर्जना भएमा,

(ख) कुनै निजामती कर्मचारी निलम्वनमा परेको अवस्था भएमा,

(ग) कुनै कर्मचारी शारीरिक एवम् मानसिक रुपमा कार्यालयको कार्यसम्पादन गर्न नसक्ने भनी नेपाल मेडिकल वोर्डको सिफारिशमा प्रदेशस्तरीय संगठन संरचना एवम् दरवन्दी व्यवस्थापन समितिले निर्णय गरेमा ।

(२) उपदफा (१) बमोजिम विशेष दरबन्दी सिर्जना गर्नुपर्ने अवस्थामा सोको आधार र कारण सहित सम्बन्धित मन्त्रालयले दफा (१०) को समिति समक्ष विशेष दरबन्दी सिर्जना गर्ने विषय पेश गर्नुपर्नेछ । सो समितिको सिफारिसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्णयानुसार विशेष दरवन्दी सिर्जना गर्न सकिनेछ । त्यस्तो पद अन्यत्र जहां भएतापनि सम्वन्धित मन्त्रालयमा नै सर्नेछ ।

(३) विशेष दरबन्दीमा रहने पदहरुको तलब, भत्ता लगायतको सुविधा सम्बन्धित मन्त्रालयबाटै भुक्तानी हुने व्यवस्था गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको अवस्था नरहेमा त्यसरी सिर्जना भएको विशेष पद स्वतः खारेज हुनेछ।

८. **पद दर्तासम्वन्धी व्यवस्थाः-** (१) प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट सम्बन्धित मन्त्रालयका सन्दर्भमा पारित भएको दरबन्दी एवम् जनशक्ति विवरण अनुसारको सेवा, समूह, उपसमूह, तह, पद सहितको निकायगत दरबन्दी विवरण प्रदेश निजामती किताबखाना स्थापना नभएसम्मका लागि दफा (१०) बमोजिमको समितिबाट स्वीकृत गरी अभिलेख राख्नुपर्नेछ । प्रदेश लेखा नियन्त्रक कार्यालयले तलबी प्रतिवेदन पास गर्दा उल्लेखित समितिबाट भएको स्वीकृत पद अनुसारको दरबन्दी विवरणलाई आधार लिनुपर्नेछ ।

(२) दफा (१०) बमोजिमको समितिबाट भएको दरबन्दी एवम् पदनाम अनुसारको पद दर्ता विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट लिखित जानकारी प्राप्त भएपछि मात्र त्यस्तो दरबन्दीमा पदपूर्ति कार्य अगाडि बढाउन सकिनेछ ।

(३) यस दफा बमोजिमको पद दर्ताको कार्य अर्को व्यवस्था नभएसम्मका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुनेछ ।

९. **कार्यविवरणः-** दफा (८) बमोजिम पद दर्ता भएको मितिले १ महिना भित्र सम्बन्धित मन्त्रालयले आफ्नो मन्त्रालय र अन्तर्गत निकायका निजामती पदहरुको तहगत कार्यविवरण तयार गरी लागू गर्नुपर्नेछ । साथै, सो विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोही अवधिभित्र पठाई सक्नुपर्नेछ ।

## परिच्छेद- ४

## समितिसम्बन्धी व्यवस्था

१०. प्रदेशस्तरीय संगठन संरचना एवम् दरवन्दी व्यवस्थापन समितिः- (१) दफा (११) बमोजिमको समितिबाट प्राप्त हुन आएको संगठन संरचना र दरबन्दी सिर्जनासम्बन्धी सिफारिशका सन्दर्भमा प्रदेश सरकारको नीति, योजना, कार्यक्रम, कार्यक्षेत्र एवम् उल्लिखित संरचना र जनशक्तिको आवश्यकता तथा सान्दर्भिकता समेतको पक्षमा विश्लेषण गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष पेश गर्न देहाय बमोजिमको समिति रहनेछ ।

| | | |
|---|---|---|
| संयोजक | - | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (प्रशासन तथा बैठक महाशाखा) |
| सदस्य | - | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय |
| सदस्य | - | सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| सदस्य | - | सचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| सदस्य | - | सचिव, सम्बन्धित मन्त्रालय |
| सदस्य | - | प्रमुख, प्रदेश लेखा नियन्त्रकको कार्यालय |
| सदस्य सचिव | - | प्रशासन शाखा प्रमुख (उपसचिवस्तर), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको बैठकको प्रारम्भ समितिका सदस्य एवम् सम्बन्धित मन्त्रालयका सचिवबाट पेश हुन आएको संगठन संरचना र दरबन्दी सिर्जनासम्बन्धी प्रतिवेदनको प्रस्तुतीकरणबाट हुनेछ । सम्बन्धित मन्त्रालयका सचिवबाट प्रस्तुत हुने प्रतिवेदनको संरचनागत एवम् दरवन्दीगत छलफल गर्दै पुष्ट्याई समेतको आधारमा निर्णयमा पुग्नुपर्नेछ । आवश्यकता एवम् औचित्यता पुष्टि नहुने संरचना एवम् दरबन्दीसम्बन्धी विषयलाई महत्व दिनुहुँदैन ।

(४) दफा (११) बमोजिम प्राप्त भएको सिफारिश सम्बन्धी विषयमा सो सिफारिश प्राप्त भएको १५ (पन्ध्र) दिन भित्र उपदफा (१) बमोजिमको समितिले परिमार्जन गर्नुपर्ने भए गरी निर्णय गरिसक्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम निर्णय भएको मितिले ३ (तीन) दिनभित्र सो निर्णयको व्यहोरा सहितको विवरण सम्बन्धित मन्त्रालयमा फिर्ता गर्नुपर्नेछ ।

(६) सम्वन्धित मन्त्रालयले उपदफा (५) बमोजिम विवरण प्राप्त हुन आएको ७ (सात) दिनभित्र संगठन संरचना र दरबन्दी सिर्जनासम्बन्धी विषय प्रदेश सरकार (मन्त्रिपरिषद्) मा पेश गर्नका लागि नियमानुसारको प्रस्ताव तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिसक्नुपर्नेछ ।

११. <u>मन्त्रालयगत समितिः-</u> (१) आफ्नो मन्त्रालय र अन्तर्गतका विद्यमान संरचना र जनशक्ति एवम् नयाँ सिर्जना हुने संरचना र जनशक्तिको विवरण तयार गर्न मन्त्रालयस्तरीय निकायमा देहाय बमोजिमको संगठन संरचना एवम्  दरबन्दी व्यवस्था समिति रहनेछ ।

| | | |
|---|---|---|
| संयोजक | - | सचिव, सम्वन्धित मन्त्रालय |
| सदस्य | - | उपसचिवस्तर, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| सदस्य | - | उपसचिवस्तर, आर्थिक मामिला तथा योजना मन्त्रालय |
| सदस्य | - | लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रकको कार्यालय |
| सदस्य सचिव | - | प्रशासन महाशाखा प्रमुख, सम्बन्धित मन्त्रालय |

(२) उपदफा (१) बमोजिमको समितिले यो निर्देशिका जारी भएको १ (एक) महिनाभित्र मन्त्रालय र अन्तर्गत निकायको संगठन संरचना र दरबन्दी व्यवस्थासम्बन्धी निर्णय गरी दफा  (१०) बमोजिमको समिति समक्ष सिफारिश गरी सक्नुपर्नेछ ।

(३) उल्लिखित समितिको बैठकमा संयोजकले आवश्यकतानुसार आफ्नो मन्त्रालयका महाशाखा प्रमुख र अन्तर्गत निकायका प्रमुखलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम संगठन संरचना र दरबन्दी व्यवस्थासम्बन्धी सिफारिश गर्दा यस कार्यविधि बमोजिमको प्रकृया पूरा गर्नुपर्नेछ ।

(५) यस कार्यविधि अनुरुप संगठन संरचना एवम् दरबन्दी सिर्जनासम्बन्धी विषयको जानकारी सम्बन्धित मन्त्रालयका माननीय मन्त्रीलाई गराउनु सम्बन्धित सचिवको दायित्व हुनेछ ।

## परिच्छेद-५

## अस्थायी संरचना एवम् दरबन्दी र करार सेवासम्बन्धी व्यवस्था

१२. <u>अस्थायी संरचनाः-</u> (१) कुनै निश्चित समयको लागि विशेष प्रकृतिको कार्य गर्न आवश्यक पर्ने क्षेत्रमा मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृती लिई अस्थायी संरचना वा आयोजनाको संरचना खडा गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै विषय उल्लेख भएको भएतापनि मन्त्रालय आफैंले वा अन्तर्गत निकायले सम्पादन गर्नसक्ने प्रकृतिको कार्य गर्न अस्थायी आयोजना खडा हुनेछैन ।

१३. <u>अस्थायी संरचनाको लागि दरबन्दीः-</u> (१) दफा (१२) बमोजिमको अस्थायी संरचनाका लागि आवश्यक पर्ने दरबन्दी संख्या मन्त्रालयले दफा (११) बमोजिमको समितिबाट निर्णय गराई दफा (१०) बमोजिमको समिति समक्ष पेश गर्न लेखी पठाउनु पर्दछ । यसरी पेश गर्दा संरचना र दरबन्दीको आवश्यकता सम्बन्धी औचित्य र कारण स्पष्ट हुनेगरी उल्लेख गर्नुपर्दछ ।

(२) दफा (१०) बमोजिमको समितिबाट उपदफा (१) अनुसारको अस्थायी संरचना र दरबन्दीमा सहमती प्राप्त भएपछि सम्बन्धित मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष पेश गर्नुपर्नेछ ।

(३) अस्थायी आयोजनाको दरबन्दीसम्बन्धी विषयमा हरेक आर्थिक वर्षका लागि छुट्टै निर्णय हुनुपर्दछ । आ.व. शुरुभएको १५ दिनभित्र अस्थायी दरबन्दीसम्बन्धी निर्णय गरी सक्नुपर्नेछ ।

१४. <u>सेवा करारः</u> (१) स्वीकृत भएको दरबन्दीमध्ये श्रेणीविहीन स्तरबाट उपलब्ध हुने सेवासम्बन्धी कार्य सेवा करारमार्फत लिन सकिनेछ । सेवा करारसम्वन्धी व्यवस्थाका लागि छुट्टै निर्देशिका जारी हुनेछ ।

(२) हाल करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद एक आर्थिक वर्षभन्दा बढी हुनेछैन । एक आर्थिक वर्ष पश्चात् पनि निजको सेवा आवश्यक भएमा निजको कार्य सम्पादनस्तरको मूल्यांकन गरी पुनः करार संझौता गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि श्रेणीविहीन तहको स्थायी कर्मचारी सो तहको स्वीकृत दरवन्दीमा सरुवा भै हाजिर हुन आएमा करारमा कार्यरत कर्मचारीलाई स्थायी कर्मचारी हाजिर भएको बढीमा १(एक) महिना भित्र करार सेवाबाट हटाउनु पर्नेछ । यसरी हटाउँदा कनिष्ट मध्येवाट हटाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सेवा करारवाट हटाईएका कर्मचारीहरुको विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई दिनुपर्नेछ । सो कार्यालयले त्यस्ता कर्मचारीहरुको रोष्टर तयार गरी प्रदेश सरकारअंतर्गत श्रेणीविहीन तहको कुनै सेवा करार लिनुपर्दा ती व्यक्तिहरुलाई प्राथमिकता दिने व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद-६

## विविध

१५. **टाइपिष्ट पदको व्यवस्थापन:-** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भएतापनि टाइपिष्टको पदमा कार्यरत रही हाल प्रदेशमा समायोजन भएका कर्मचारीहरुलाई हाल जुन कार्यालयमा कार्यरत छन् सोही कार्यालयको विशेष दरबन्दीको पद मानिनेछ । एक पटक त्यस्तो पद कुनै कारणले रिक्त भएमा सो दरवन्दी स्वत: खारेज भएको मानिनेछ ।

(२) टाईपिष्ट पदलाई प्रशासन सेवाको अन्य पदमा रुपान्तरण गर्ने व्यवस्था प्रदेश निजामती सेवा कानून बमोजिम हुनेछ ।

१६. **दरबन्दी खारेज:-** (१) स्वीकृत दरबन्दी अनुसारको अधिकृत छैठौं तहसम्मको पद त्यसरी दरबन्दी स्वीकृत भएको १ (एक) बर्षसम्म र सोभन्दा माथिको पद दरवन्दी स्वीकृत भएको दुई (२) वर्षसम्म पनि पदपूर्तिको कारवाही नचलाएमा स्वत: खारेज हुनेछ ।

(२) अस्थायी दरवन्दीको पद सो संरचना वा सो पदले गर्ने कार्यको प्रयोजन समाप्त भएपछि स्वत: खारेज हुनेछ ।

१७. **नमिल्दा पदहरुको व्यवस्थापन :-** प्रदेशको नयाँ दरवन्दी सिर्जना भई सकेपछि हाल प्रदेशमा समायोजन भई आएका तर नयाँ दरवन्दीमा ती तह एवम् पद समावेश नहुने स्थिति आएमा त्यस्ता अवस्थाको पदहरुको मन्त्रालयगत विवरण तयार गरी ती नमिल्दा पदहरुको सट्टामा नयाँ पद राख्न सम्वन्धित मन्त्रालयले यस कार्यविधिको दफा (१०) र (११) को समितिवाट निर्णय गराउनु पर्नेछ । हाल त्यस्ता पदलाई विशेष दरवन्दीको पद मानी ती पदमा कार्यरत कर्मचारी अवकाश भएमा त्यस्तो पद स्वत: खारेज गर्नुपर्नेछ ।

१८. **संगठन संरचना र दरवन्दीसम्वन्धी विषयको पुनरावलोकनः-** प्रदेश सरकारले प्रदेशमा रहने मन्त्रालयस्तरको निकाय र दरवन्दी ब्यवस्थाको सन्दर्भमा हरेक ५ (पाँच) वर्षमा सोको अध्ययन सहित पुनरावलोकन गर्न सक्नेछ ।

१९. **थपहुने मन्त्रालयस्तरको निकाय सम्वन्धमाः-** प्रदेश सरकारले प्रदेशस्तरको मन्त्रालयहरुको संख्या वा कार्यक्षेत्र हेरफेर वा थपघट गरेमा सो निर्णय हुनासाथ दफा (१०) बमोजिमको समितिले सम्वन्धित मन्त्रालय समेतको सहयोग एवम् समन्वयमा हेरफेर वा थपघट भएवमोजिमको संगठन संरचना र दरवन्दीको व्यवस्थासम्वन्धी विवरण तयार गर्नुपर्नेछ ।

२०. सिर्जना हुने तह र पद एवम् सेवा : (१) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेशमा रहने मन्त्रालयहरुका सचिव पदहरु संघीय निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका वा सहसचिवस्तरको पद रहने र अन्य तहको हकमा प्रदेश सेवाका तहगत पदहरु रहनेछन्।

(२) प्रदेश निजामती सेवा ऐन लागू नभए सम्मकालागि यस कार्यविधिको पालना गर्ने प्रयोजनार्थ निजामती सेवा ऐन, २०४९ मा उल्लेख भएका सेवाहरुमात्र प्रदेश सेवामा रहने गरी जनशक्ति व्यवस्थापनसम्वन्धी निर्णय गर्नुपर्नेछ ।

२१. कुनै नयाँ व्यवस्था थप्ने र बाधा अड्काउ फुकाउने अधिकारः यस कार्यविधिका कुनै प्रावधान अस्पष्ट भएमा सोको व्याख्या गरी प्रष्ट गर्ने र यस कार्यविधिको प्रस्तावना बमोजिमको उद्देश्य हासिल गर्न कुनै नयाँ व्यवस्था गर्नुपरेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक निर्णय गरी त्यस्तो व्यवस्था थप गर्न सक्नेछ ।

२२. खारेजी र बचाऊः-प्रदेशभित्र स्थापना गरिएका संगठन संरचना र कर्मचारी व्यवस्थापन सम्वन्धमा हालसम्म सम्पादन भएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।